**मस्यौदा**

# नेपाल उद्योग वाणिज्य महासंघको ५१ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०७३

## समुद्घाटन समारोहमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूका लागि बुंदाहरु

**उपस्थित भद्र महिला तथा सज्जनवृन्द !**

निजी क्षेत्रको संघीय प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघको साधारण सभा एवं उद्योग वाणिज्य दिवसको समुद्घाटन समारोहमा सहभागी हुन पाएकोमा मलाई खुशी लागेको छ ।

सर्वप्रथम वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०७३ को अवसरमा FNCCI परिवारमा हार्दिक शुभकामना दिन चाहान्छु । तपाईंहरुको व्यवसायिक सफलताको कामना गर्दछु ।

मुलुकको आर्थिक समृद्धिमा तपाई, उद्यमी व्यवसायी साथीहरुका क्रियाशिलता अझ बढ्न सकोस भन्ने शुभकामना दिन चाहान्छु ।

मुलुकभरका उद्यमी व्यवसायी भेला भएको यो अतिनै महत्वपूर्ण समयमा उपस्थित भई तपाईहरुलाई शुभकामना दिन पाउँदा मलाई अत्यन्त खुशी मिलेको छ ।

महासंघले आफ्नो स्थापनाका दिन अर्थात चैत्र २८ को दिनलाई प्रत्येक वर्ष मुलुकभर उद्योग वाणिज्य दिवसको रुपमा मनाउन थालेको जानकारी मैले पाएको छु । यो दिन तपाईहरुका लागि अत्यन्त महत्वपूर्ण दिनको रुपमा रहेको छ । यस दिवसलाई सरकारले समेत औपचारिकता दिएको यहाँहरुमा अवगतै छ ।

यस अवसरमा मुलुकका सम्पूर्ण भागमा बसेर आफ्नो उद्यम व्यवसाय मार्फत गरी राष्ट्रको लागि योगदान दिइरहनु भएका तपाईं उद्यमी व्यवसायी, शिल्पकार, कालीगढ सबैलाई म हृदयदेखिनै सम्मान गर्दछु । राष्ट्र निमार्णमा तपाईंहरुको अझ बढी योगदानको यो राष्ट्रलाई खाँचो छ, तपाईहरु निरन्तर अगाडी बढ्नुहोस, मेरो शुभकामना ।

हामी छिट्टै स्थानीय निर्वाचनमा जाँदै छौं । वैशाख ३१ गते हुने स्थानीय निर्वाचनलाई सफल रुपमा सम्पन्न गर्न तपाईहरुको सहयोग महत्वपूर्ण हुन्छ ।

योजनागत विकासको शुरुवात भएको लामो समयसम्म पनि हामीले मुलुकको आर्थिक विकासलाई तीव्ररुपमा अगाडी बढाउन सकेनौं । हामी यद्यपी राजनीतिक गंजागोलमै छौं । मुलुकमा आमूल राजनीतिक परिवर्तन भए पनि यसलाई संस्थागत गर्ने कार्यमा हामी प्रयासरत छौं । गत वर्ष संघीय गणतन्त्र नेपालको संविधान घोषणा भएको छ । यसलाई सफल रुपमा कार्यान्वयनका लागि सरकार सवैलाई एकसाथ लैजान निरन्तर अगाडी बढी रहेको छ ।

सरकार आर्थिक विकासका लागि उत्तिकै सेचत छ । आर्थिक विकासका लागि आवश्यक ऐन कानूनहरुलाई सरकारले पारित गर्ने कामलाई प्राथमिकता दिई आएको छ । महासंघ लगायत निजी क्षेत्रको सल्लाह सुझाव अनुसारनै अहिलेसम्म सरकारले ऐन कानूनहरु ल्याएको हो । निजी

क्षेत्रले माग गरेका वांकी ऐन कानून ल्याउने कार्यमा पनि सरकारले गृहकार्य गरिरहेको यहांहरु समक्ष जानकारी गराउंदछु । सरकार तपाईहरुसंग मुलुकभित्र आर्थिक उन्नती आर्थिक विकास समृद्धिका लागि कार्य गर्न अपिल गर्दछ । तपाईहरु आर्थिक विकासमा निरन्तर अगाडी बढ्नुहोस, सरकारले कहा कस्तो प्रकारको सहयोग गर्नुपर्छ मेरो पुरै सहयोग तपाईहरुलाई हुने छ । राजनीतिक स्थायीत्व होला अनि आर्थिक विकासलाई अगाडी बढाउला भनेर हामी कुरेर बस्ने अवस्था अव छैन । हामी धेरै पछाडी परिसकेका छौं । अव यो भन्दा पनि पछाडी पर्ने अवस्था आउनै नदिने तर्फ हामी सवै सचेत वनौं ।

स्वागत मन्तब्यका क्रममा महासंघका अध्यक्ष पशुपतिजीले आर्थिक विकासका लागि उठाउनुभएका मुद्दाहरुका विषयमा सरकार एवं मेरो आफ्नो तर्फबाट सम्बोधन गर्न प्रतिबद्धता जाहेर गर्दछु र यी विषयहरुमा तपाईंहरु संग बसेर आवश्यक सरसल्लाह लिइने समेत विश्वास दिलाउँदछु ।

महासंघको नियमित कार्यक्रम ५१ औं वार्षिक साधारण सभा यस अर्थमा पनि महत्वपूर्ण रहेको मैले पाएको छु कि यस वर्ष तपाईहरुको नेतृत्व सहित सिंगो टिमको निर्वाचन सभा पनि भएकोले नयाँ नेतृत्व चयनका लागि तपाईंहरु व्यग्र प्रतिक्षमा हुनुहुन्छ । चुनावको मैदानमा रहनु भएका तपाईं सम्पूर्ण उद्यमी व्यवसायी साथीहरुलाई हार्दिक शुभकामना दिन चाहान्छु । सरकार तपाईहरुसंग सहकार्य गरी आर्थिक समृद्धिको अभियानलाई अगाडी बढाउन प्रतिबद्ध छ ।

महासंघको यस समारोहमा मुलुकका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनु हुने महत्वपूर्ण व्यक्तित्वहरुलाई सम्मान गर्न पाउंदा मैले आफूलाई अत्यन्त भाग्यमानी ठानेको छु । उहाँहरुको अथक योगदानको सम्मान गर्दछु । आगामी दिनमा अझ बढी सहयोग राष्ट्रले उहाँहरुबाट पाउने आशा एवं विश्वास सहित बधाई एवं शुभकामना दिन चाहान्छु ।

यसैगरी महासंघका पूर्व अध्यक्षहरु जसले निजी क्षेत्रको धरोहर यस महासंघलाई आज राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा समेत सशक्त संस्थाको रुपमा चिनाउन अथक मेहनत गर्नुभयो, उहाँहरुको योगदाननलाई पनि

सरकारको तर्फबाट  सम्मान गर्दै तपाईंहरुको अनुभव यो राष्ट्रका समृद्धिका लागि समेत उतिकै आवश्यकता रहेको स्पष्ट पार्दछु । अरु साथीहरु जो यहाँ सम्मानित हुनु भयो उहाँहरुलाई बधाई दिन चाहान्छु ।

महासंघको वर्तमान अध्यक्ष पशुपतिजीको नेतृत्वमा रहेको टीम जो भोलीबाट निवर्तमान हुँदैछ, उहाँहरुलाई पनि धन्यवाद दिंदै मुलुकको विकास निर्माणमा तपाईंहरुबाट सरकारले पाएको सहयोग सल्लाह सुझावका लागि हार्दिक धन्यवाद दिन चाहान्छु ।

तपाईंहरुको विधान संशोधन भएको छ । नयाँ विधान अनुसार वरिष्ठ उपाध्यक्ष नै स्वतः अध्यक्ष बन्ने प्रावधान छ । आगामी नेतृत्वका लागि हालकी वरिष्ठ उपाध्यक्ष श्री भवानी राणाजीलाई बधाई दिंदै तपाईको आगामी कार्यकालको सफलताको कामना गर्दै तपाईको कार्यकालमा पनि सरकारले महत्वपूर्ण सहयोग पाउने विश्वास लिएको छु ।

अन्त्यमा, नेपाल उद्योग वाणिज्य महासंघको वार्षिक साधारण सभाको पूर्ण सफलताका लागि पुनः एकपटक हार्दिक शुभकामना दिंदै मेरो मन्तव्य यही अन्त्य गर्दछु ।

धन्यवाद ।